# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र

गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः २ सङ्ख्याः ५ मितिः २०७७/०४/०६

## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गौमुखी गाउँपालिकाको गाउँकार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७७ सालको कार्यविधि नं. ५**

# गौमुखी गाउँपालिका मागमा आधारित स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

कार्यपालिकाबाट स्विकृत मितिः२०७७/०३/०९

<u>प्रस्तावनाः</u> कृषि क्षेत्रमा व्यावसायीक रुपमा लागेका कृषि कृषकहरुलाई उद्यमशीलता विकासको तालिम प्रदान गरी व्यावसायीक योजना आफै तयार गर्न लगाई व्यावसायीकरण गर्न आकर्षित गरी जिवनस्तर सुधार गर्न वाञ्छनीय भएकोले गौमुखी गाउँपालिका मागमा आधारित स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७७ स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः १)यस कार्यविधिको नाम कृषि अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७७

रहनेछ ।

२)यो कार्यविधि गौमुखि गाउँ कार्यपालिकाले स्विकृत गरेको मितिदेखि लागू हुनेछ ।

२.अर्थ र परिभाषाः विषय वा प्रसँगले अर्को अर्थ नलागेमाः

क) कार्यालय भन्नाले गौमुखी गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

ख) कृषक भन्नाले आयआर्जन गर्न उद्देश्यले कृषि व्यवसाय सञ्चालनको लागि जोखिम बहन गरी लगानी गर्ने व्यक्ती सम्झनुपर्दछ ।

## परिच्छेद-२

## कार्यक्रमको किसिम र कार्यक्रम सञ्चालन प्रकृया

**३.लक्षित समूहः** यस कार्यक्रमका लक्षित समूहमा गौमुखी गाउँपालिकाभरिका कृषकहरु हुनेछन् ।

४. **क्रियाकलापका क्षेत्रहरुः** दफा ३ बमोजिमका लक्षित समूहलाई तरकारी खेती, बाख्रा र भैंडा पालन, गाइ भैंसी पालन, मौरी पालन एवम च्याउ खेती जस्ता कृयाकलापहरु हुनेछन्।

५. कार्यक्रम सञ्चालन प्रकृयाः १)कार्यालयले बार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था भएबमोजिम अनुदानको

लागि इच्छुक कृषकहरुबाट निवेदन र प्रस्तावका साथमा आएको कार्ययोजना मुल्याँकन गरी स्वीकृत गर्नेछ।

२)यस आर्थिक वर्षमा अन्य कुनै पनि निकायबाट अनुदान पाएका कृषकहरुले यो कार्यक्रममा समावेश हुन सक्ने छैनन ।

३)झुठा विवरण पेश गरी अनुदान माग गरेको प्रमाणीत भएमा कानून बमोजिम कारवाही हुनेछ ।
४) योग्य र इच्छुक कृषकले अनुसुची —२ अनुसारको निवेदन तथा अनुसुची —३ बमोजिमको प्रस्ताव
पेश गर्नु पर्नेछ ।

## परिच्छेदः३

समिति सम्बन्धि व्यवस्था

५. कार्यक्रम व्यवस्थापन समितिको गठनः यस कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछः

प्रमुख, योजना शाखा -अध्यक्ष
प्रमुख,कार्यालयको लेखा शाखा -सदस्य
कृषि एवम् पशु शाखा प्रमुख -सदस्य सचिव

कार्यक्रम व्यवस्थापन समितीले आवश्यकता अनुसार कुनै विज्ञ विशेषज्ञ वा पदाधिकारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ।

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

क) कार्यक्रम मुल्याङ्कन गरी सिफारिस गर्ने,
ख) छनौट भएका प्रस्तावका उजुरी उपर आवश्यक निर्णय लिने,
ग) कार्यक्रम सञ्चालन सम्बन्धी अन्य कार्यहरु गर्ने/गराउने ।

## परिच्छेद ४

**अनुदान रकम सम्झौता र भुक्तानी प्रकृया**

६)अनुदान रकम :(१) स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रही अनुसुची-१ बमोजिमको प्रस्तावको उपयुक्तताको आधारमा अनुदान रकम प्रदान गरीनेछ । कार्यक्रमको प्रकारका आधारमा देहाय बमोजिम अनुदान रकम प्रवाह गरिनेछ ।कुल बजेटको ४ प्रतिशत कन्टिन्जेन्सी वापत कट्टा गरी अन्य कार्यमा कार्यालयले प्रयोग गर्न सक्नेछ।

| सि.न. | विवरण | न्युनतम मापदण्डः क्षेत्रफल वा सँख्या | अनुदान रकम रु (अधिकतम) |
|---|---|---|---|
| १. | मागमा आधारित स्वरोजगार | १.भेंडा/बाख्रा पालनको हकमा कम्तिमा १५ वटा<br>२.गाई/भैंसी पालनको हकमा कम्तिमा ५ | रु २५,०००/-<br>रु ३०,०००/- |

| | | | |
|---|---|---|---|
| | कार्यक्रम | वटा<br>३.तरकारी, फलफुल  एवम नगदे बालीको हकमा २ रोपनी क्षेत्रफल भएको<br>३.च्याउ खेतीको हकमा कम्तीमा १००गोला<br>४.मौरी पालनको हकमा कम्तीमा ५ घार<br>५.कुखुरा पालनको हकमा कम्तिमा २०० चल्ला | रु २०,०००/-<br>रु २०,०००/-<br>रु २०,०००/-<br>रु २०,०००/- |

२) सम्बन्धित वडाबाट अनुगमन भइ न्युनतम मापदण्ड पुरा गरेका कृषकहरुलाइ दिइने अनुदान अनुदानग्राहीको खातामा सोझै भुक्तानी दिईनेछ ।

७)सम्झौताः अनुगमन भइ आएका प्रस्तावहरुलाई बजेटको परिधिभित्र रहेर अनुदान दिइनेछ।
८)भुक्तानी प्रकृयाः अनुदान रकमको भुक्तानी अनुदानग्राहीको बैङ्क खाता मर्मत एकमुष्ट अनुदान उपलब्ध गराउने छ ।

## परिच्छेद-५

## अनुगमन मुल्याङ्कन

९)अनुगमन मुल्याङ्कनः न्युनतम मापदण्डको अनुगमन कार्य वडा कार्यालयबाट अनुसुची-२ बमोजिम गरिनेछ। कार्यक्रम कार्यान्वयनको क्रममा कार्यालयले आवश्यकता अनुसार जुनसुकै समयमा पनि अनुगमन गर्न सक्नेछ। अनुदान दिने कार्यालयले सबै सरोकारवाला नियकायहरुसंग आवश्यक समन्वय गरी संयुक्त अनुगमनको व्यवस्था समेत मिलाउन सक्नेछ ।

## परिच्छेद - ६

## विविध

११) बाधा अड्काउ फुकाउः १) यस सञ्चालन प्रक्रिया कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकाको हुनेछ ।

२) यस सञ्चालन प्रक्रियालाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

अनुसुचि-१

<u>प्रस्ताव पत्र</u>

मागमा आधारित स्वरोजगार कार्यक्रम

गौमुखी गाउँपालिका।

प्रस्तावकको नामः

ठेगानाः

सम्पर्क नः

नागरिकता नं                    जिल्लाः

कार्यक्रम सम्बन्धी प्रस्तावः कुनै एक छनौट गर्नुपर्नेः

१.भेंडा/बाख्रा पालन
२.गाई/भैंसी पालन
३.तरकारी, फलफुल  एवम नगदे बाली खेती
३.च्याउ खेतीको
४.मौरी पालन
५.कुखुरा पालन

अनुदानबाट गरिने क्रियाकलापहरुः (कृषकले अब गर्ने कामहरु उल्लेख गर्ने। जस्तैः खोर थप गर्ने।)

१. ..................................... अनुमानित खर्चः रु ...............
२. ................................. अनुमानित खर्च रु ..............
३. .................................... अनुमानित खर्च रु ..............

| | |
|---|---|
| साक्षिको तर्फबाट | प्रस्तावकको तर्फबाट |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |

अनुसुची-२

मागमा आधारित स्वरोजगार कार्यक्रम

(वडा कार्यालयले प्रमाणित गरिदिने)

अनुगमन फारामः

प्रस्तावकको नामः

ठेगानाः वडा नः

१.अनुगमनमा देखिएको विवरणः

- ❖ तरकारी फलफुल एवम नगदे बाली खेती गरेको भए खेती गर्ने क्षेत्रफलः
- ❖ भेंडा/बाख्रा पालन भए सोको हालको सँख्या(छुट्टा छट्टै खुलाउनुपर्ने)
- ❖ गाइ/भैंसी पालन भए सोको सँख्याः(छुट्टा छट्टै खुलाउनुपर्ने)
- ❖ मौरी पालन भए घारको सँख्याः
- ❖ कुखुरा पालन भए चल्लाको सँख्याः

प्रस्तावकर्ताको प्रस्तावनामा अनुगमनकर्ताको रायः

माथि उल्लेख गरिएका विवरणहरु सहि छन र गलत भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

वडा कार्यालयको छाप

अनुगमनकर्ताको हस्ताक्षर

अनुगमनकर्ताको नामः

अनुगमनकर्ताको पदः

आज्ञाले,

राजिब पन्थी

प्रमुख प्रशासकीय अधिकृत